आज मिति २०७८ साल पौष ७ गते बुधवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष व्यास १ | श्री निरबहादुर ठकुरी | उपस्थित |
| का.वा.अध्यक्ष व्यास ५ | श्री सुरबहादुर थापा | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२ : वातावरणीय प्रतिवेदन सम्बन्धमा सम्बन्धमा ।
प्रस्ताव नं.३ : वडा एवं नगरस्तरीय योजनाहरुको कार्य प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.४ : शिक्षक सरुवा दरबन्दी मिलान सम्बन्धमा ।
प्रस्ताव नं.५ : सङ्घीय बजेट अन्तर्गत विभिन्न योजनाका लागि विद्यालय छनौट सम्बन्धमा ।
प्रस्ताव नं.६ : जनप्रतिनिधि कर्मचारी भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं.७ : आगामी नगरसभाको मिति तय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : खुला तथा महिला म्याराथन प्रतियोगिता व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.९ : राष्ट्रपति रनिङ्ग सिल्ड र अन्तर मा.वि. फूटवल प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.१० : उद्योग वाणिज्य सँघको महोत्सव गर्ने स्थान पुनर्विचार सम्बन्धमा ।
प्रस्ताव नं. ११ : १२ बर्षदेखि १८ बर्ष तलका बालबालिकालाई खोप लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : विद्यालय प्रधानाध्यापकहरुको अनुभव आदान-प्रदान भ्रमण सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१३ : विद्यालय नक्सा स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१४ : तनहुँ विद्युत परियोजनाका लागि नदिजन्य निर्माण सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१५ : कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.१६ : योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१७ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : डायरी सम्बन्धमा ।
प्रस्ताव नं.१९ : नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.२० : कोभिड-१९ प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ सम्बन्धमा ।
प्रस्ताव नं.२१ : अपाङ्गता व्यक्तिलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२२ : स्तर बृद्धि अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२३ : वृत्तचित्र निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.२४ : ने.क.पा. (एकिकृत समाजवादी) लाई रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२५ : सि.सि. क्यामेरा जडान सम्बन्धमा ।
प्रस्ताव नं.२६ : कर्मचारी आवास सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.२७ : चिकित्सक करारमा नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२८ : छाब्दी दोभान घाट निर्माणमा लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.२९ : विपद् व्यवस्थापनका लागि ह्यूमपाइप जाली खरिद सम्बन्धमा ।
प्रस्ताव नं.३० : नगर सभाबाट विनियोजित राष्ट्रिय मृगौला केन्द्र दमौली सेवालाई रकम हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.३१ : दउभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३२ : कृषक भ्रमण अवलोकन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.३३ : बजेट शिर्षक नम्बर परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.३४ : प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.३५ : समितिको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.३६ : वडा नं. १३ को योजना स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.३७ : व्यवसाय करको जरिवाना छुट दिने सम्बन्धमा ।
प्रस्ताव नं.३८ : आगामी आर्थिक वर्षका लागि अर्थ मन्त्रालयसंग माग गर्नुपर्ने बजेट सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/८/२३ को बैठकको निर्णय र कार्यान्वयन पक्षको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा (IEE) को सहयोगमा नगर विकास कोषसँग सम्झौता भई निर्माण हुन लागेको बहुउद्देश्यीय भवनको प्रस्तुत प्रारम्भिक वातावरणीय प्रस्तावलाई संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा वडागत ९१४ योजनाहरुमा २६७ सम्पन्न भएको, ३४२ सम्झौता भएका, ३०५ सम्झौता हुन बाँकी देखिएको, नगरस्तरीय ७२ योजनामा १५ सम्पन्न भएको, ३७ सम्झौता भई कार्यान्वयनमा रहेको, ५ सूचना प्रकाशन भएको र १५ टेण्डर प्रकृयामा जान बाँकी भएको, शहरी पूर्वाधार विकास तथा प्राविधिक शाखाबाट प्रतिवेदन प्राप्त भएको, शिक्षा अनुगमन तथा मूल्याङ्कन, स्वास्थ्य, आर्थिक प्रशासन शाखाहरुबाट कार्य प्रगति प्रस्तुत भएको कुल विनियोजित रकममा २४% रकम खर्च भएको जानकारी प्राप्त भएकाले शाखागत कार्यहरुको बाँकी कार्यलाई सम्पन्न गर्न गराउन सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित निर्णयहरु गरियो ।

(क) शिक्षक सरुवा सम्बन्धमा २०७८/८/२३ को निर्णयानुसार नगर प्रमुखको संयोजकत्वमा गठित समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) विद्यालयहरुको अध्ययन गरी दरबन्दी मिलान गर्दै जाने निर्णय गरियो ।

(ग) व्यास नगरपालिका वडा नं.८ सोतीवेंसीमा रहेको बाल उपकार प्रा.वि. मा जम्मा १ जना विद्यार्थी रहेकोले उक्त विद्यालयमा हाल पठन-पाठन बन्द गरी उक्त विद्यालयका शिक्षकहरुलाई अन्य विद्यालयमा सरुवा गर्ने र उक्त विद्यालय भवन र जग्गामा सोतीवेंसी शहरी स्वास्थ्य कार्यालयलाई स्थानान्तरण गर्ने, उक्त विद्यालयको चल-अचल सम्पत्तिको विवरण शिक्षा तथा सामाजिक विकास शाखा मार्फत लिने, एक जना विद्यार्थीलाई नजिकै रहेको विद्यालयमा पठन-पाठनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा सङ्घीय बजेट अन्तर्गत निम्न लिखित विद्यालयहरुलाई ELibrary, ICT, Scince, Lab, Kits अन्तर्गत विद्यालय छनौट गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालय | वडा नं. | विषय | बजेट रकम |
|---|---|---|---|---|
| १. | जनजुक्तशाही मा.वि., | ५ | Elibrary | ६,५०,०००।०० |
| २. | क्यामिन माध्यमिक विद्यालय, कलेस्ती | ७ | Elibrary | ६,५०,०००।०० |
| ३. | अमरसिंह माध्यमिक विद्यालय, धरमपानी | ११ | Elibrary | ६,५०,०००।०० |
| ४. | केशवटार माध्यमिक विद्यालय, केशवटार | १४ | Elibrary | ६,५०,०००।०० |
| ५. | महेन्द्रज्योती माध्यमिक विद्यालय, शिसाघाट | ६ | ICT | ६,५०,०००।०० |
| ६. | बाराही माध्यमिक विद्यालय, फराकचौर | ११ | ICT | ६,५०,०००।०० |
| ७. | अमरज्योती माध्यमिक विद्यालय, छिर्कने | १२ | ICT | ६,५०,०००।०० |
| ८. | जलदेवी माध्यमिक विद्यालय, भादगाउँ | १ | Scince Lab | ६,५०,०००।०० |
| ९. | उदय माध्यमिक विद्यालय, ठूलोटार | ५ | Scince Lab | ६,५०,०००।०० |
| १०. | शिव माध्यमिक विद्यालय, दुम्सी बजार | १० | Scince Lab | ६,५०,०००।०० |
| ११. | जनसेवा आधारभुत विद्यालय, अमरापुरी | २ | Kits | ५०,०००।०० |
| १२. | पराशर आधारभुत विद्यालय, पाटन | ५ | Kits | ५०,०००।०० |
| १३. | सरस्वती आधारभुत विद्यालय, माझफाँट | ९ | Kits | ५०,०००।०० |
| १४. | जनता आधारभुत विद्यालय, पोखेलफाँट | १० | Kits | ५०,०००।०० |
| १५. | गुदीफच्याङ्ग आधारभुत विद्यालय, गुँदी | १३ | Kits | ५०,०००।०० |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जनप्रतिनिधिहरुको विभिन्न नगर एवं गाउँपालिकासँग अनुभव आदान-प्रदान भ्रमण विगत कोरोना प्रभाव लगायतका कारणहरुले अवरुद्ध भएकोमा नगर उपमुख श्री मिरा जोशीको अध्यक्षतामा गठित समितिको प्रस्ताव अनुसार लुम्बिनी, सुदुरपश्चिमका केही पालिकाहरुमा मिति २०७८/९/१२ गतेदेखि ४ दिने भ्रमण कार्यक्रम स्वीकृत गर्ने र उक्त कार्यक्रममा जनप्रतिनिधि बढीमा ४५ जना र कर्मचारी प्रमुख प्रशासकीय अधिकृत, चालक समेत बढीमा ५ जना गरी जम्मा ५० जनाको भ्रमण कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । बाँकी जनप्रतिनिधि र कर्मचारीहरुको अलग-अलग भ्रमण कार्यक्रम समयको अन्तराल मिलाई कार्यालयहरुको काममा बाधा नपुग्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आगामी ३६औं नगरसभा २०७८/१०/२१ गते शुक्रवार ११:०० बजे नगरसभा कक्षमा बस्ने निर्णय गरियो । नगरसभाको आवश्यक तयारीका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा शहिद दिवसका दिन २०७८ माघ १६ गते नियमित हुने गरेको मानुङ-पुलिमऱ्याङ्ग खुला अल्ट्रा म्याराथन दौड र २०७८ फाल्गुण २४ गते अन्तर्राष्ट्रिय नारी दिवसका दिन गरिने दमौली-तनहुँसुर महिला हाफ म्याराथन दौडको व्यवस्थापन गर्न नगर खेलकूद समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड र अन्तर माध्यमिक विद्यालय छात्र-छात्रा फूटवल प्रतियोगिता विद्यालयहरुसँग समन्वय गरी व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा तनहुँ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको तनहुँ महोत्सवका लागि २०७८/८/२३ गतेको बैठकको निर्णयबाट व्यास ५ को पाटन खेलकूद मैदान वा व्यास ४, १० मा पर्ने माथिल्लो भतेरी तोकिएकोमा तनहुँ उद्योग वाणिज्य संघ, आदिवासी जनजाती महासंघ तनहुँ र उद्योग वाणिज्य संघ दमौली बजार इकाईको संयुक्त माग अनुसार पाटन वा माथिल्लो भतेरीमा तत्काल पूर्वाधार नभएकाले अन्तिम एक पटकका लागि व्यास ३ वि.पि. खेलमैदान माग गरी पूर्व निर्णय पुनर्विचार गर्न अनुरोध भई आएकाले बैठकमा छलफल हुँदा जिल्ला समन्वय समिति तनहुँ र जिल्ला स्थित सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयबाट समेत सहमती प्राप्त भएमा दमौली सेण्ट्रल पार्कलाई खुला नै छाड्ने र जिल्ला प्रशासन, जिल्ला अदालत लगायतका कार्यालयहरुमा यातायात अवरुद्ध नहुने खेलकूद मैदानको कम्पाउण्डभित्र मात्र सिमित रहने गरी अन्तिम एक पटकलाई मात्र वि.पि. खेलकूद मैदानमा महोत्सवका लागि बढीमा १० दिनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका संस्थागत, सामुदायिक विद्यालय र क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुलाई २०७८/९/८ गतेदेखि १२ गतेसम्म कोरोना विरुद्धको खोप लगाउने हुँदा सहयोगका लागि सम्बन्धित सबै संघ/संस्था, विद्यालय, क्याम्पसहरुलाई अनुरोध गर्ने र विद्यार्थी युवाहरुलाई सहभागी हुन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस न.पा.भित्रका प्रधानाध्यापकहरुको अनुभव आदान-प्रदान भ्रमणका लागि बजेट शिर्षक नं. १६१ बाट रू.२,००,०००।- (दुई लाख) अनुभव आदान-प्रदान गर्ने गरी भ्रमण प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा तनहुँ विद्युत आयोजनाबाट प्रभावित व्यास ५ पाटन स्थित पराशर माध्यमिक विद्यालय स्थानान्तरण गर्न प्रस्तावित भवनको नक्सा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ बेतेनी क्षेत्रबाट तनहुँ विद्युत परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम माग भई आएको नदिजन्य निर्माण

सामाग्री राष्ट्रिय गौरवको परियोजना हुँदा आर्थिक ऐन, २०७८ बमोजिम दस्तुर लिई अन्य स्थानीय मागहरुलाई सम्बोधन हुने गरी उपलब्ध गराउन कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं. १० मा सञ्चालक कुमार मल्लल रहेको बगैंचा पशु तथा कृषि विकास फर्म हाउस प्रा.लि.ले स्थानीय स्तरमा कृषि तथा पशु पालन सम्बन्धी व्यवसाय सञ्चालनको लागि व्यास १० बस्ने श्री प्रेम बहादुर वि.क., साविक फराकचौर ७/च कित्ता नं. १४१, १४५, १४९, १४२, १५१ क्षेत्रफल २-१४-२-०, ३-३-०-२, ०-१०-२-३, ३-१-३-०, ५-४-०-०, यउमाया वि.क. कि.नं. ५२ क्षेत्रफल ६-६-०-२, सितल सिं वि.क. कि.नं. ९० क्षेत्रफल ७-१२-१-३ र टंक बहादुर वि.क. १४४, १४६ र १४८ क्षेत्रफल १-१३-१-३, ०-१-१-२, १-३-३-१ रहेको जग्गा उल्लेखित प्रा.लि.ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

(ख) हेटौंडा नगरपालिका वडा नं.९ मकवानपुर सञ्चालक श्री रामकुमार नेपालीले गोरखा जिल्ला गण्डकी गाउँपालिका वडा नं.८ मा रहेको आशापुरी बहुउद्देश्यीय कृषि तथा पशु फर्म व्यास नगरपालिका वडा नं.११ मा कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय सञ्चालन गरी स्थानीय स्तरमा थप विस्तारका लागि व्यास न.पा. वडा नं. ११ निवासी श्री मदनकाजी श्रेष्ठको नाममा रहेको साविक फराकचौर नक्सा नं. ५/च कि.नं. १३, १६२ र १६३ क्षेत्रफल २-८-१-३, ३-५-२-० र ०-५-२-० को जग्गा उल्लेखित फर्मले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट पूर्व योजनाहरु संशोधनको लागि माग भई आएकोले तल लेखिए बमोजिम परिवर्तन गरिएको छ ।

(१) व्यास ९ क्रमागत योजना बजेट शिर्षक नं. ८६ लाई योजना संशोधन गरी धरापानी बडहरे कुलो निर्माण मर्मतमा खर्च गर्ने ।

(२) व्यास ९ को बजेट शिर्षक नं.५३८ मा रहेको रू.१,५०,०००।- (एक लाख पचास हजार) शिर्षक संशोधन गरी नारायणचौरमा सामुदायिक भवन भान्सा घर निर्माण गर्न खर्च गर्ने ।

(३) व्यास ९ को बजेट शिर्षकमा ५३९ मा रहेको रू.१,००,०००।- (एक लाख) संशोधन गरी तल्लो नारायण सामुदायिक भवनमा गाह्रो लगाउने काममा खर्च गर्ने ।

(४) व्यास ११ को बजेट शिर्षक नं. १२८ मा महिला, युवा, नेतृत्व विकासको लागि रू.४,००,०००।- (चार लाख रुपैंया) विनियोजन भएकोमा संशोधन गरी रू.१,८०,०००।- (एक लाख असी हजार) महिला अवलोकन भ्रमणको लागि खर्च गर्ने ।

**निर्णय नं.१७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अकला बगैंचा क्षत्री समाज-सन्धी नाला निर्माण | 1 | १,५०,०००।०० | मर्मत |
| २. | आदिकवी भानुभक्त क्याम्पस स्वागत कार्यक्रम | 1 | १५,०००।०० | विविध चालु |
| ३. | विभिन्न विद्यालयलाई न्यानो कपडा हस्तान्तरण | 1 | १,००,०००।०० | ४९ |

| | | | | |
|---|---|---|---|---|
| ४. | भ्केडी राना दरै परम्परागत मन्दिर निर्माण | १ | १,६०,०००।०० | २०७ |
| ५. | सेतो गुराँस बाल विकास | २ | १,००,०००।०० | १५४ |
| ६. | चालक एशोसियसन सम्मेलन सहयोग | २ | २५,०००।०० | विविध चालु |
| ७. | वि.पि. वनवाटिका पर्खाल निर्माण मर्मत | ३ | ८,७६,४२०।०० | ७७६ |
| ८. | परिवार सेवा समाज सम्मेलन सहयोग | ३ | ३०,०००।०० | २०० |
| ९. | अनिता सुवेदी डाइलासिस सेवा सहयोग | ४ | १०,०००।०० | ३९ |
| १०. | सन्त बहादुर दमै बाजा खरिद | ६ | ५०,०००।०० | २०० |
| ११. | महेन्द्रज्योती मा.वि. रङ्गरोगन | ६ | २,५०,०००।०० | ७७२ |
| १२. | गोहदी र पन्थे गाउँ वेंसीमा पार्टी निर्माण | ७ | १,२०,०००।०० | ८५८ |
| १३. | वेशी गैह्री मोटर मार्ग कल्भर्ट निर्माण | ७ | ८०,०००।०० | मर्मत |
| १४. | शहिदधर्म युवा क्लव फूटवल प्रतियोगीता व्यवस्थापन | ८ | ४०,०००।०० | ७७७ |
| १५. | विष्णुमाया परिवार उपचार खर्च | १० | २५,०००।०० | ३९ |
| १६. | बैरेनी खानेपानी भवन मर्मत सम्हार | १० | २,४०,०००।०० | ७९६ |
| १७. | वडा कार्यालय भवन मर्मत निर्माण समेत | ११ | १,२३,९८४।०० थप | ७९२ |
| १८. | मुलपानी पञ्चेबाजा ड्रेस खरिद | ११ | १५,०००।०० | २०० |
| १९. | आसबहादुर थापा खानेपानी पाइप | १२ | ३५,०००।०० | ७९६ |
| २०. | नेत्रबहादुर भुजेल पोलिथिन पाइप खरिद | १३ | १३,५००।०० | ७९६ |
| २१. | नकुहिने फोहोर व्यवस्थापन टहरा निर्माण | १३ | ३,४१,२२३।०० | ७८४ |

**निर्णय नं.१८** : प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको संक्षिप्त परिचय १ भ्कल्किने गरी सेवा परामर्श शिर्षकबाट बढिमा रू.५,००,०००।- (पाँच लाख) कोटेशन लिई स्तरीय डायरी छाप्न दिने निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका २०७६ को दफा १० बमोजिम देहाय अनुसारको स्थानीय नागरिक आरोग्य समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने – संयोजक
शिक्षा शाखा प्रमुख श्री नगेन्द्रराज रेग्मी – सदस्य
स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख श्री प्रमोद सोती –सदस्य
दमौली अस्पताल प्रमुख श्री सुनिल पौडेल – सदस्य
स्वास्थ्य अभियन्ता श्री लक्ष्मीकान्त चापागाई – सदस्य
स्वास्थ्य स्वयंसेवी श्री माया सोती –सदस्य
प्रमुख, केशवटार आयुर्वेदिक श्री विवेक पौडेल –सदस्य-सचिव

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ८ बमोजिम देहाय अनुसारको अनुगमन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| उप प्रमुख श्री मिरा जोशी | – संयोजक |
| वडा सदस्य श्री मधुमाया घर्ती | – सदस्य |
| प्र.प्र.अ. वा निजले तोकेको अधिकृत | – सदस्य-सचिव |

**निर्णय नं.२१** : प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अपाङ्गता समितिको बैठकबाट निर्णय गरी सिफारिस भई आए बमोजिम अपाङ्गता भएका व्यक्तिलाई (पहेलो कार्ड प्राप्तहरु) रू.४,०००।- (चार हजार) बजेट शिर्षक नं. १६७ बाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२** : प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा कार्यरत निम्नानुसारका कार्यालय सहयोगीहरुको सेवा अवधि एवं शैक्षिक योग्यताका आधारमा हुने स्तर बृद्धि गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(१) श्री हरि बहादुर थापा (पाँचौं स्तर)
(२) श्री मन बहादुर कुमाल (पाँचौं स्तर)
(३) श्री रामचन्द्र कोइराला (चौंथो स्तर)

**निर्णय नं.२३** : प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा २०७४ मा भएको स्थानीय तहको निर्वाचन पश्चात हालसम्म व्यास नगरपालिकाद्वारा भए गरेका वडागत समेत राम्रा कामहरु, असल अभ्यासहरु बढिमा रू.५ लाख भित्र सक्ने गरी एक वृत्तचित्र निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) ले केही भौतिक सामाग्री जनतालाई सेवा प्रवाह गर्नमा सहयोग पुऱ्याउन उपलब्ध गराईपाउँ भनि निवेदन पेश गर्नु भएकोले रू.९५,०००।- (पन्चानब्बे हजार) बरावरको सामाग्री उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५** : प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. अन्तर्गत कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा सुरक्षाको दृष्टिकोणले पनि अत्यावश्यक देखिएकोले क्रमश: सि.सि. क्यामेरा जडान गर्दै जान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६** : प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई यस अघि कार्यपालिकाबाट निर्णय गरी आवास सुविधा प्रदान गरिदै आएकोमा व्यास नगरपालिकाभित्र स्थायी बसोवास गर्ने कर्मचारीहरुलाई दिइदै आएको आवास सुविधा २०७८ पौष महिनादेखि भुक्तानी नदिने निर्णय गरियो ।

**निर्णय नं.२७** : प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कोभिड व्यवस्थापन अस्पतालमा नियुक्त करार चिकित्सक श्री सुरज घिमिरे अध्ययनको सिलसिलामा अष्ट्रेलिया जानुपर्ने हुँदा सेवाबाट अलग हुने सूचना गर्नु भएकाले वहाँको सेवाका लागि हार्दिक धन्यवाद दिने निर्णय गरियो । साथै कोभिडको असर अझै रहेकाले अस्पतालमा आवश्यक तत्कालका लागि एक जना चिकित्सक करारमा नियुक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८** : प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा छाब्दी दोभान दाहसंस्कार घाट शहिद विक्रम परियारको शालिक निर्माण गर्न बजेट शिर्षक नं. ७९६ मा विनियोजित रकमलाई सार्वजनिक सरोकारको विषय हुँदा लागत सहभागिता नरहने गरी निर्माण कार्य अघि बढाउन शहरी पूर्वाधार तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र कूलो, खेत, घर जग्गा, बाटो संरक्षणका लागि तारजाली र ह्यूमपाइप माग भई आएकाले विपद् अन्तर्गतको बजेटबाट रू.१५,००,०००।- (पन्ध्र लाख) मा नबढ्ने गरी तारजाली र १०,००,०००।- (दश लाख) मा नबढ्ने गरी ३०, ४५, ६० का ह्यूमपाइप खरिद प्रकृया अनुसार खरिद गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३० :** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा ३५औं नगरसभाबाट दमौली अस्पतालमा राष्ट्रिय मृगौला केन्द्रद्वारा सञ्चालित डाइलासिस सेवाका लागि बजेट शिर्षक नं. ४४ मा विनियोजित रकमलाई प्रकृया पुऱ्याई राष्ट्रिय मृगौला केन्द्रलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१ :** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा संचालन हुने गरी तपशिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि. नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक ( मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | २/Vyasmun/०७८।० ७९ | श्री क्वालिटी इन्द्रावती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.काठमाण्डौ । | व्यास नगर कोभिड अस्पताल निर्माण व्यास १० | ७९,८३,२११।८२ |
| २ | १६/Vyasmun/०७८। ०७९ | श्री विश्वास एण्ड विपु कन्स्ट्रक्सन काठमाण्डौ । | समता स्कुल जाने बाटो निर्माण योजना | १८,६९,७३४।०० |
| ३ | १५/Vyasmun/०७८। ०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन शुक्लागण्डकी ८ तनहुं । | थुम्केली गांउ दरै गांउ र डांडा गांउ मार्ग कालोपत्रे योजना | ४,८७,४६०।०० |
| ४ | ११/Vyasmun/०७८। ०७९ | श्री बुलेट कन्स्ट्रक्सन प्रा.लि.भानु ८ तनहुं । | शेरा रामथुम्की मुक्तिनारायण मोटर मार्ग कालोपत्रे | १३,०४,०४८।८० |

**निर्णय नं.३२ :** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ६ को कृषि भेटेरीनरी प्रवर्द्धन तर्फको रू.५,००,०००।- (पाँच लाख) मध्येबाट रू.२,४०,०००।- (दुई लाख चालिस हजार रुपैंया) अगुवा कृषकहरुलाई अध्ययन अवलोकन भ्रमण लैजान पेश्की लिइ गएकाले सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३ :** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको चालु आ.व. को बजेट शिर्षक नं. ७५६ मेशिन औजार खरिद हुनुपर्नेमा अन्यथा भएकाले शिर्षक नं. ७५६ मेशिन औजार खरिद शिर्षक नं. ८५६ जोगिमणी मन्दिर निर्माण हुने गरी शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३४ :** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७८/७/१ को पत्रानुसार प्रधानाध्यापक म्याद समाप्त भई नयाँ नियुक्तिका लागि प्रस्ताव पेश भएका शिक्षक तथा विद्यालयको नामावलीहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | प्रस्ताव पेश गर्ने शिक्षक | विद्यालयको नाम | पत्र प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री जयराम सेढाई | जलदेवी मा.वि., व्यास १ | २०७८।७।२८ | |
| २. | श्री भरत काफ्ले | सर्वज्योती मा.वि., व्यास १० | २०७८।८।१ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | श्री नारायण प्रसाद अधिकारी | सिद्धेश्वरी मा.वि., व्यास १२ | २०७८।७।३० | |
| ४. | श्री जनकराज सोती | बालोपकार प्रा.वि., व्यास ८ | २०७८।८।१० | |
| ५. | श्री सुर्यमणि पौडेल | क्यामिन मा.वि., व्यास ७ | २०७८।८।१० | |
| ६. | श्री कृष्ण बहादुर परियार | पद्मा प्रा.वि., व्यास ५ | २०७८।८।९ | |
| ७. | श्री रोहिणीराज पौडेल | उदय मा.वि., व्यास ५ | २०७८।८।१५ | |
| ८. | श्री मातृका बन्त रिमाल | अमर प्रा.वि., व्यास ६ | २०७८।८।१९ | |
| ९. | श्री मदन वाग्ले | सिन्धु प्रा.वि., व्यास ६ | २०७८।८।१७ | |
| १०. | श्री प्रेमराज सोती | सोमाजन प्रा.वि., व्यास ८ | २०७८।८।२० | |
| ११. | श्री देउराज गुरुङ्ग | रत्नज्योती आ.वि., व्यास ६ | २०७८।८।१७ | |
| १२. | श्री झुल बहादुर थापा | मानुङ प्रा.वि., व्यास ५ | २०७८।८।२९ | |
| १३. | श्री यमलाल थापा | केशवटार मा.वि., व्यास १४ | २०७८।७।१५ | |
| १४. | श्री दिपकराज काफ्ले | शंकर प्रा.वि., व्यास ६ | २०७८।८।२० | |
| १५. | श्री कृष्णहरि वाग्ले | क्यामिनकोट मा.वि., व्यास ७ | २०७८।८।१७ | |
| १६. | श्री विन्दु थापा मगर | गुँदीफच्याङ्ग आ.वि., व्यास १३ | २०७८।८।२७ | |
| १७. | श्री बावुराज वाग्ले | अमरसिंह मा.वि., व्यास ११ | २०७८।८।२६ | |
| १८. | श्री सतार मियाँ | मदर्सा प्रा.वि., व्यास ४ | २०७८।८।२८ | |
| १९. | श्री सोम प्रसाद थापा | संगम प्रा.वि., व्यास ७ | २०७८।७।२९ | |
| २०. | श्री बुद्धिकुमार श्रेष्ठ | महेन्द्रज्योती प्रा.वि., व्यास ६ | २०७८।८।२८ | |
| २१. | श्री मोहन गुरुङ्ग | पञ्चज्योती प्रा.वि., व्यास ७ | २०७८।९।४ | |
| २२. | श्री रविचन्द्र वाग्ले | अमृत आ.वि., व्यास ६ | २०७८।९।६ | |
| २३. | श्री गजेन्द्रराज पन्थ | शितला प्रा.वि., व्यास १३ | २०७८।९।२ | |
| २४. | श्री कमला पौडेल | जनसेविका प्रा.वि., व्यास १ | २०७८।९।१ | |
| २५. | श्री श्रीराम न्यौपाने | चण्डेश्वरी आ.वि., व्यास ११ | २०७८।८।२९ | |
| २६. | श्री हिरा बहादुर अधिकारी | बाराही मा.वि., व्यास ११ | २०७८।९।११ | |

**निर्णय नं.३५** : प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/७/२३ गते बसेको कार्यपालिका बैठकबाट व्यास १० र ११ मा सञ्चालित ढुङ्गा खानीहरुको राजश्व संकलन गर्न गठित समितिको म्याद मार्ग महिनासम्म मात्र रहेकोमा सो म्याद सकिएकै मिति देखि लागू हुने गरी ०७८ माग मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६** : प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १३ मा फोहर विसर्जन गर्ने स्थान वा वरपर प्रभावित स्थानहरुमा रू.२० लाख बरावरको विविध योजनामा बजेट विनियोजन गर्ने पूर्व सहमती अनुसार वडा नं. १३ बाट सिफारिस भई आएका निम्नानुसारका योजनाहरुलाई बजेट उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | टोल | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बेनीकोट स्वामी चौतरा निर्माण | मित्रता टोल | १,२०,०००।०० | |
| २. | सिद्धथान सिंढी बाटो मर्मत | शान्ती टोल | ७५,०००।०० | |
| ३. | मिलनटोल र पुरुवा चौतरामा पक्की नाली सफाई एवं मर्मत | मिलन/बेलवास पुरुवा चौतरा टोल | २,०६,०००।०० | |
| ४. | पाहार्दी खानेपानी योजना लिफ्टिङ्गको लागि पम्प खरिद | मित्रता टोल/शान्ती टोल | १,७०,०००।०० | |
| ५. | किरन्चे खा.पा. तारवार | मित्रता टोल | १,००,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६. | खानीखोला खा.पा.योजना | केशरी टोल | ९५,०००।०० | |
| ७. | केशरी टोल भित्री बाटो रिटेनिङ्ग वाल सहित पक्की नाली निर्माण | केशरी टोल | ५,८१,०००।०० | |
| ८. | आमडाँडा भवन तारवार | आमडाँडा टोल | १,८१,०००।०० | |
| ९. | बेनीकोट सुन्तला मार्ग ग्राभेल तथा नाली सफाई | बेनीकोट | ४,७२,०००।०० | |
| | | जम्मा : | २०,००,०००।०० | |

**निर्णय नं.३७ :** प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ बाट प्रभावित व्यास नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण व्यवसायीहरुलाई आ.व. २०७७/०७८ को व्यवसाय करमा लाग्ने जरिवाना छुट दिने निर्णय गरियो ।

**निर्णय नं.३८ :** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा आगामी आर्थिक वर्षका राजश्व परामर्श समिति र श्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट प्रस्ताव गरिए अनुसार निर्धारित ढाँचा बमोजिम आयव्ययको प्रक्षेपण गरिएको हुँदा सो अनुसार अर्थ मन्त्रालयसंग बजेट माग गर्ने निर्णय गरियो ।